Govt. Regd. No.: 797/058/059 | SW Council Regd. No.: 42953

NEHHPA

# नेपाल हर्ब्स तथा हर्बल उत्पादक संघ

Nepal Herbs And Herbal Products Association (NEHHPA)

Nepal Herbs

२०७५।०५।२६

मानिनय मन्त्री मातृका प्रसाद यादवज्यू,
उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।

**विषय : नेपाली जडीबुटी भारत निकासी रोकिएको सम्वन्धमा ।**

मानिनय मन्त्रीज्यू,

उपरोक्त सम्वन्धमा नेपालको मौलिक जडीवुटी भारत निकासीमा भारतिय क्वारेन्टिन कार्यालयले रोक लगाएको व्योहोरा यहाँलाई जानकारी गराउँदछौं । ऐतिहासिक कालदेखि नै नेपाल भारतको मैत्री सम्वन्ध र आयुर्वेदसंग जोडिएको व्यापार तथा निर्यात हुदै आएको १०१ प्रजाति नेपाली जडीवुटीमध्ये ( अनुसुची-१ यसै पत्रसाथ संलग्न) भारतिय क्वारेन्टिन सुचीमा १८ प्रजातिका जडीवुटीमात्र (अनुसुची-२ यसै पत्रसाथ संलग्न) सुचीकृत भएकोले भारतले हाल एक्कासी १८ प्रजाति जडीवुटी वाहेक निर्यात प्रवेश रोकेको हुदाँ नेपाली मौलिक जडीवुटीहरुको संकलन, खेति गरिएका जडीवुटीहरुले ग्रामिण भेगका जनसमुदायहरुको आर्य आर्जन कृषि पेशा पछिको जडीवुटी विक्री गरि रोजगारी समेत वढिरहेको अवस्था साथै नेपालको ८० प्रतिशत जडीवुटीहरु छिमेकी मुलुक भारतमा नै व्यापार भईरहेकोमा विदेशि मुद्रा आय आर्जनको राम्रो माध्यम वन्दै गएको नेपाली जडीवुटीको भारत निकासी रोकिएकोले भारतसँगको मैत्रीपूर्ण व्यवसायमा समेत जटिलता उत्पन्न भएको पनि यहाँलाई अवगत गराउँदछौं । निर्यातमा प्राथमिकतामा परेको जडीवुटीहरु भारतीय क्वारेन्टिन ईकाईका उच्च प्रतिनिधिहरु विच यथासिघ्र बैठकको आयोजना गरी यस विषयमा यथाशक्य समस्याको समाधान गराइ दिनु हुन मन्त्रीज्यूलाई नेहपा विनम्र अनुरोध गर्दछ । भारतिय क्वारेन्टिन कार्यालयाको अनुसुचीमा नेपाली जडीवुटीहरु ( अनुसुची-३ यसै पत्रसाथ संलग्न) सुचीकृत गरी जडीवुटीको सहज निकासीका लागि भारतीय सरकारसंग सहजीकरणका लागि अनुरोध गर्दछौं । द्विदेशिय उच्च व्यापारिक संझौता नभई यस समस्याको समाधान नहुने भएकोले माननिय मन्त्रीज्यूको पहलमा गरिदिनु हुन सविनय अनुरोध गर्दछौं । नेपालवाट भारत निकासी भइरहेका जडीवुटीहरु लिष्टको सूचि यसै पत्रसाथ संलग्न समेत गरेका छौं ।

सहयोगका लागि धन्यवाद ।

भवदिय,

NEPAL HERBS AND HERBAL PRODUCTS ASSOCIATION 2002

गोविन्द घिमिरे
अध्यक्ष

FNCCI Marga, Teku
(+977) 1 4100207
nehhpa1@gmail.com
www.nehhpa.org.np

Govt. Regd. No.: 797/058/059 | SW Council Regd. No.: 40958

NEHHPA

नेपाल हर्ब्स तथा हर्बल उत्पादक संघ
Nepal Herbs And Herbal Products Association (NEHHPA)

Nepal Herbs

मो.नं. ९८५११२०५४१

बोदार्थ :

१) वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

२) कृषि, भूमी व्यवस्था तथा शहकारी मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

३) नेपाल उद्योग वाणिज्य महासंघ, टेकु काठमाण्डौ ।

४) नेपाल चेम्वर्स अफ कर्मश, जमल काठमाण्डौ ।

NEPAL HERBS AND HERBAL PRODUCTS ASSOCIATION 2002

Govt. Regd. No.: 797/058/059 | SW Council Regd. No.: 40958

नेपाल हर्ब्स तथा हर्बल उत्पादक संघ

Nepal Herbs And Herbal Products Association (NEHHPA)

Nepal Herbs

NEHHPA

1st October, 2018

**His Excellency, Mr. Manjeev Singh Puri**
**Ambassador of India to Nepal**
**Lazimpat, Kathmandu**

Your Excellency,

I am writing on behalf of Nepal Herbs and Herbal Products Association (NEHHPA), an umbrella organization of Nepalese herbal producers, manufacturers and traders in the Non-Timber Forest Products (NTFPs) sector particularly covering Medicinal and Aromatic Plants (MAPs). We are more than hundred members affiliated with us who are producers, manufacturers and exporters. Our members are exporting their raw as well as processed MAPs to your country in huge amount.

In this regard, from September 2018, Quarantine Office of India prevented the export of Nepalese MAPs. From the history, the friendship relation of Nepal and India has been connected through the export and import of Nepalese MAPs. Nepal has been exporting 101 species of MAPs to India (Listed in Annex 1- enclosed with this letter). Among which only 18 species (Annex-2-enclosed herewith) as listed by Quarantine Office of India are allowed to export while others are completely prevented from exporting recently. This decision has been taken by India all of sudden which has hampered the lives of traders, local and indigenous people who are collecting and cultivating the MAPs as a source of income generating activities. Almost 80% of MAPs of Nepal are traded to India and has become the major way to gain the foreign currencies. Because of this sudden action the complication in the business relation of two countries has also been seen.

We have already went delegation to the Ministry of Industry, Commerce & Supplies, in our country and have received positive feedbacks to resolve the issues as soon as possible. We would like to draw the attention of his Excellency in above mentioned quarantine issues. We would request you to take an immediate action to resolve the quarantine problems through developing the environment to release the trade of all 101 species.

We remain hopeful that the Indian Embassy attaches importance to the trade of MAPs and take an action to resolve the issues. We thank you for your serious consideration of our concerns and recommendations, and look forward to your response and actions.

In solidarity,

**Mr. Govinda Prasad Ghimire**
**President**
**NEHHPA**

NEPAL HERBS AND HERBAL PRODUCTS ASSOCIATION 2002

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

योजना तथा कार्यक्रम शाखा

पत्र संख्या: कार्यक्रम/०७५/७६
च.नं.: यो.प्र.शाखा/२५२

मिति २०७५/०७/[illegible]

विषय: प्रतिनिधि तोकी बैठकमा सहभागिता सम्बन्धमा ।

श्री सामुदायिक वन उपभोक्ता महासंघ, दुवाकोट, भक्तपुर ।
श्री प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, सानोठिमि, भक्तपुर ।
श्री नेपाल नगरपालिका महासंघ, लाजिम्पाट, काठमाण्डौं ।
श्री गाउँपालिका राष्ट्रिय महासंघ, कमलादी, काठमाण्डौं ।
श्री नेपाल वन पैदावार उद्योग व्यवसायि महासंघ, कोटेश्वर, काठमाण्डौं ।
श्री राष्ट्रिय सहकारी महासंघ, पुल्चोक, ललितपुर
श्री नेपाल हर्ब्स तथा हर्बल उत्पादन संघ टेकु, काठमाण्डौं ।

उक्त विषयमा नेपालमा हर्बल उद्यम विकास तथा विस्तारको सन्दर्भमा तपसिल बमोजिमको कार्यसूची भएको तहाँ निकाय/महासंघ/संघ/परिषद् समेतको प्रतिनिधि रहेको निम्नानुसार कार्यदल बनाउने वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७५/०६/१९ को निर्णय भएको हुँदा उक्त कार्यदलको लागि तहाँबाट एक जना प्रतिनिधि तोकी सो को जानकारी पठाईदिनु हुन निर्णयानुसार अनुरोध छ साथै कार्यदलको पहिलो बैठक तपसिलको मिति, स्थान र समयमा हुने भएकोले सहभागिताका लागि समेत अनुरोध छ ।

तपसिल:

१ श्री प्रमुख, योजना, अनुगमन तथा समन्वय महाशाखा, वन तथा वातावरण मन्त्रालय - संयोजक
२ श्री महानिर्देशक, वनस्पति विभाग - सदस्य
३ श्री प्रतिनिधि, सामुदायिक वन उपभोक्ता महासंघ - सदस्य
४ श्री प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद - सदस्य
५ श्री प्रतिनिधि, नेपाल नगरपालिका महासंघ - सदस्य
६ श्री प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघ - सदस्य
७ श्री प्रतिनिधि, नेपाल वन पैदावार उद्योग व्यवसायि महासंघ - सदस्य
८ श्री प्रतिनिधि, राष्ट्रिय सहकारी महासंघ - सदस्य
९ श्री प्रतिनिधि, नेपाल हर्ब्स तथा हर्बल उत्पादन संघ - सदस्य
१० श्री प्रमुख, वन उद्यम तथा प्रवर्द्धन शाखा, वन तथा वातावरण मन्त्रालय - सदस्य सचिव

ovt. Regd. No.: 797/058/059 | SW Council Regd. No.: 40958

नेपाल हर्ब्स तथा हर्बल उत्पादक संघ
Nepal Herbs And Herbal Products Association (NEHHPA)
NEHHPA
Nepal Herbs

मिति २०७५।८।५

श्री राकेश कर्णज्यू,
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाण्डौं

**विषय : नेपाल वन विधेयक २०७५ मा नेपाल हर्ब्स तथा हर्बल उत्पादक संघको तर्फबाट सुझाव उपलब्ध गराइएको बारे।**

महोदय,

उपरोक्त सम्बन्धमा त्यस विभागबाट नेपाल वन विधेयक २०७५ को मसौदा तयार गरी राष्ट्रिय तथा प्रदेश तहमा परामर्श गरी सकेको भन्ने व्यहोरा अवगत हुन आएको छ। उक्त विधेयक उपर यस संघको व्यापक चाँसो रहेको भएपनि हालसम्म उक्त विधेयकको परामर्शमा भाग लिने अवशर उपलब्ध नभएको व्यहोरा जानकारी गराउँदै अनौपचारिक रुपबाट प्राप्त उक्त विधेयक उपर यस संघको तर्फबाट निम्न सुझावहरु उपलब्ध गराइएको छ। त्यसैले विधेयकलाई अन्तिम रुप दिने क्रममा यस संघबाट प्रस्तुत गरिएका देहाय बमोजिमका सुझावहरुलाई समावेश गर्नु हुन हार्दिक अनुरोध गर्दछौं :

**सुझावहरु**

- ***प्रस्तावना :*** वन क्षेत्र र वनमा आधारित उद्यमको विकासले समृद्धिलाई उल्लेख्य योगदान गर्ने भएकोले प्रस्तावनामा वन क्षेत्रबाट समृद्धि हासिल गर्ने विषयलाई समेटनु पर्ने।

- *दफा २. परिभाषा*
    - परिभाषामा वन उद्यमलाई निम्न अनुसार परिभाषित गर्ने :
      वन उद्यम भन्नाले औद्योगिक व्यावसायसम्बन्धी प्रचलित कानून बमोजिम स्थापित भई सञ्चालित हुने वन तथा कृषि-वनजन्य उद्यमहरुलाई जनाउने छ।

- दफा ३७.
    - कृषिजन्य निजी जग्गामा खेति गरी हुर्काइएको भनी स्थानीय तहले प्रमाणित गरेको कृषिजन्य पैदावारहरुलाई वन पैदावारको रुपमा लिइने छैन भन्ने व्यवस्था गर्ने।
    - तोकिए बमोजिमका वन पैदावारलाई कृषिजन्य वन पैदावार भनिने छ भन्ने व्यवस्था गरी वन नियमावलीमा कृषिजन्य वन पैदावारको अनुसूची रहने व्यवस्था गर्ने।

- *दफा ७५ नाका तोक्ने :*
    - यस दफामा गरिएको व्यवस्था हटाई वन पैदावारको आयात निर्यातका लागि तोकिएका भन्सार कार्यालयहरुमा वन पैदावारको क्वारेन्टाइन तथा स्वास्थ्यता प्रमाणपत्र लिनको लागि तोकिए बमोजिमका सेवाहरु उपलब्ध गराइने छ भन्ने व्यवस्था गर्ने।

- ***दफा ७६.*** यस दफामा उद्योगका लागि गरिएको व्यवस्था वन पैदावारमा आधारित लघु उद्यम, घरेलु उद्योग र वन सहकारी संस्थाको हकमा लागु नहुने व्यवस्था गर्ने।

- ***दफा ८०. प्रतिबन्ध लगाउन सक्ने :*** यस दफामा गरिएको व्यवस्था निजी वनमा हुर्काइएको भनी स्थानीय तहमा दर्ता गरी प्रमाणित गरिएका वन पैदावारको हकमा लागु हुने छैन भन्ने व्यवस्था गर्ने।